# हयोगो बहु-सांस्कृतिक समाज प्रवर्द्धन दिशानिर्देश संशोधनको संक्षेप

## 1 दिशानिर्देश संशोधनको उद्देश्य

यस प्रिफेक्चरमा विदेशी बासिन्दाहरुको संख्या तथा बहु-राष्ट्रियकरणको वृद्धि सँगै, प्रिफेक्चर भित्रका उद्योग-व्यवसायहरुमा विदेशी जनशक्तिको महत्त्व चुलिदै गर्दा, बहु-सांस्कृतिक सहअस्तित्वको प्रवर्द्धनलाई क्षेत्रीय पुनरुत्थानसँग जोड्ने लक्ष्य सहित, "हयोगो बहु-सांस्कृतिक समाज प्रवर्द्धन दिशानिर्देश" (2016 मार्चमा तर्जुमा गरिएको) को पून:अवलोकन गर्ने र सामाजिक-आर्थिक अवस्थाहरुको परिवर्तनहरुको आधारमा आगामी पाँच वर्षका लागि दिशानिर्देश परिमार्जन गर्ने निर्णय गरेका छौं।

<सामाजिक-आर्थिक अवस्थाहरुको परिवर्तनहरू>

- प्रिफेक्चरबासि विदेशी बासिन्दाहरुको कुल संख्या बढ्दोक्रम सँगै, बहु-राष्ट्रियकरण र विकेन्द्रीकरण अगाडि बढिरहेको छ ।
- "अध्यागमन नियन्त्रण र शरणार्थी मान्यता ऐन" परिमार्जन गरिएको, र नयाँ निवास योग्यता "निर्दिष्ट दक्ष कामदार" को स्थापना गरिएको छ।
- जापानी भाषा शिक्षाका अवसरहरू बढाउने उद्देश्यले "जापानी भाषा शिक्षा प्रवर्द्धन ऐन" लागू गरिएको छ।
- आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले "स्थानीय स्तरमा बहु-सांस्कृतिक सहअस्तित्व योजना" (SDGs को सिद्धान्त अनुरुप संशोधित) परिमार्जन गरेको छ।
- नयाँ कोरोनाभाइरस संक्रमणको बढ्दो फैलावटका कारण बहु-सांस्कृतिक सहअस्तित्व वरपरको वातावरण पनि परिवर्तन भएको छ।

## 2 प्रिफेक्चरबासि विदेशी बासिन्दाहरूको संक्षिप्त जानकारी

### (1) प्रिफेक्चरबासि विदेशी बासिन्दाहरूको संख्या

① हालको प्रवृत्तिहरू


यस प्रिफेक्चरमा, 2014 सालको अन्त्यमा रेकर्ड गरिएको कुल 96,530 जना (अघिल्लो दिशानिर्देश तर्जुमा गर्दाको समयमा प्रयोग गरिएको अन्तिम मान) विदेशी बासिन्दाहरूको संख्या बढेर, 2019 सालको अन्त्यमा 115,681 जना (जापानमा 7 औं) पुगेको छ। 5 वर्षमा 19,151 जना (19.8%) ले बढेको छ।

② देश/क्षेत्र अनुसार (2014→2019)

2019 सालमा, दक्षिण-उत्तर कोरियाका नागरिकहरु सबैभन्दा बढी 41,206 जना, त्यसपछि चीन/ताइवानका 26,821 जना, र भियतनामका 21,870 जनाको संख्या थियो। 2014 सालको तुलनामा, भियतनाम 15,290 जना (232.4%) ले बढेको छ। त्यसै गरि राष्ट्रियताको आधारमा, 2014 सालमा 141 देशबाट संख्या बढेर, 2019 सालमा 157 देशमा पुगेको छ।

③ प्रिफेक्चर भित्रको क्षेत्र अनुसार (2014-2019)

2019 सालको अन्त्यमा, कोबे क्षेत्रमा सबैभन्दा बढी 50,155 जना मानिस थिए, जबकि वृद्धिदरको हिसाबले सबैभन्दा बढी किता-हारिमा क्षेत्रमा 93.1%, ताजिमा, ताम्बा र आवाजी पनि 50% वा सोभन्दा बढीले वृद्धि भएको छ।




अघिल्लो दिशानिर्देश तर्जुमा गर्दाको समयमा प्रयोग गरिएको अन्तिम मान ↑

(स्रोत: न्याय मन्त्रालय "विदेशी बासिन्दाहरूको तथ्याङ्क")


### (2) विदेशी कामदारहरू

① हालको प्रवृत्तिहरू

वैदेशिक रोजगार अफिसहरूको संख्या र यस प्रिफेक्चरको भित्र वा बाहिर विदेशी कामदारहरूको संख्या दुवै निरन्तर बढ्दै गएको छ। 2014 सालमा अफिसहरुको संख्या 4,036 वटा र कामदार संख्या 17,614 जना थियो भने, 2019 सालमा यो संख्या बढेर 7,275 वटा अफिस र 41,083 जना कामदार संख्या पुगेको थियो।

② देश/क्षेत्र अनुसार (2014→2019)

2019 सालमा विदेशी नागरिकहरु मध्ये भियतनामका सबैभन्दा धेरै 17,207 जना, त्यसपछि चीनका 9,852 जना, र फिलिपिनका 3,094 जना रहेको छ। 2014 को तुलनामा भियतनाम 14,877 ले बढेको छ।




(स्रोत: हयोगो श्रम कार्यालय "विदेशीहरूको रोजगार अवस्था")


### (3) विदेशी विद्यार्थीहरू

① हालको प्रवृत्तिहरू

विदेशी विद्यार्थीको कुल संख्या पनि 2014 सालको 4,662 जनाबाट बढेर 2019 सालमा 7,058 पुगेको छ ।

② राष्ट्रियताको आधारमा (2014→2019)

2019 सालमा विदेशी विद्यार्थीहरु मध्ये चीनका सबैभन्दा बढी 3,065 जना, त्यसपछि भियतनामका 2,065 जना, दक्षिण कोरियाका 424 जना, र नेपालका 228 जना पुगेका छ। 2014 सालको तुलनामा भियतनामका विद्यार्थीहरु संख्या 1,786 ले बढेको छ।




(स्रोत: हयोगो क्षेत्रीय विदेशी विद्यार्थी अन्तरक्रिया प्रवर्द्धन सम्मेलन "हयोगो प्रिफेक्चर विदेशी विद्यार्थी भर्ना अवस्था")

## 3 सामाजिक-आर्थिक अवस्थाहरुको परिवर्तनहरुको चुनौतीहरू

(सिटि अफिस जस्ता सरकारी कार्यलयहरु लगायत विदेशी संघसंस्थाहरु, तथा विदेशी नागरिकहरु सँग गरिएका सोधपुछ सर्भेको नतिजा, र कुराकानी आदिमा आधारित चुनौतीहरु)

### ① बहु-राष्ट्रियकरण र विकेन्द्रीकरण प्रतिको व्यवहार

- हयोगो प्रिफेक्चरमा विदेशी बासिन्दाहरूको संख्या र बहु-राष्ट्रियकरणको बढ्दोक्रममा रहेसँगै, बसोबास गर्ने क्षेत्रहरु छरिएर विकेन्द्रीकृत हुँदै गइरहेका छन्। यस परिप्रेक्ष्यमा, विदेशी बासिन्दाहरूको अवस्था पहिचान गरि प्रत्येक क्षेत्रको वास्तविक अवस्था अनुकूल हुने वातावरण सिर्जना गर्न आवश्यक छ ।
- प्रिफेक्चरबासि विदेशी बासिन्दाहरूको क्षेत्रीय विकेन्द्रीकरण बढ्दै जाँदा, प्रिफेक्चरको प्रत्येक क्षेत्रमा विदेशी बासिन्दाहरुले ढुक्कको साथ चिकित्सा सेवाहरू प्राप्त गर्न सक्ने वातावरणमा सुधार गर्न आवश्यक छ।
- हालसालमा आएर विदेशी बासिन्दाहरुको संख्या बढ्दै गएका क्षेत्रहरुमा, स्थानीय बासिन्दाहरूको बहु-सांस्कृतिक सहअस्तित्वको चेतना र बुझाइलाई बढाउन आवश्यक छ।

### ② शैक्षिक अवसरहरू सुरक्षित गर्ने

- विदेशी पृष्ठभूमि भएका बालबालिकाको सङ्ख्या बढ्दै जाँदा उनीहरुको लक्ष्य प्राप्ति र करियर विकास गर्न सक्षम बनाउनको लागि विद्यालयमा भाषा अध्ययन र शैक्षिक योग्यता कायम गर्नको लागि वातावरण अभिवृद्धि गर्न आवश्यक छ।
- "जापानी भाषा शिक्षा प्रवर्द्धन ऐन" लागू गरिएको, र शिशु, बालबालिका, विद्यार्थी, विदेशी विद्यार्थी, कर्मचारी इत्यादि सबैका लागि उनीहरूको दैनिक जीवनमा जापानी भाषा सिक्ने अवसरहरू तथा प्रणालीहरुलाई अभिवृद्धि गर्न आवश्यक छ।

### ③ प्रिफेक्चर भित्रका उद्योग-व्यवसायहरुमा विदेशी जनशक्तिको महत्त्व

- प्रिफेक्चरको अर्थतन्त्रको दिगो विकासको पक्षबाट पनि विदेशी जनशक्तिको वास्तविक अवस्थाको पहिचान संगै, रोजगारीको लागि सहायता र वातावरणलाई बढावा दिन आवश्यक छ।
- विदेशी जनशक्तिलाई स्थानीय समाज या समुदायसँग जोड्ने र अन्तरक्रिया गर्ने, र आपसी सहयोग गर्न प्रोत्साहित गर्ने वातावरण सिर्जना गर्न आवश्यक छ।

### ④ प्रकोप र संक्रामक रोगहरुको प्रतिको व्यवहार

- बहुभाषी सूचना प्रवाहलाई सशक्त बनाउने र विदेशीहरूका लागि परामर्श डेस्क अभिवृद्धि गर्ने कुराहरुको अतिरिक्त, नयाँ जीवनशैली (हयोगो स्टाइल) अनुरूप बहु-सांस्कृतिक सहअस्तित्वको प्रयासहरूलाई अगाडि बढाउन आवश्यक छ।

## 4 अभिप्रेत लक्ष्य, चुनौति र प्रयत्नहरूको रुपरेखा

**1 अभिप्रेत लक्ष्यहरु**

ह्योगोको समावेशीता (इन्क्लुजन) मा समृद्ध बहु-सांस्कृतिक समाजको अनुभूति जसमा प्रिफेक्चरका नागरिकहरू जोडिएर एकैसाथ यस क्षेत्रको विकासका लागि विश्वव्यापी विविधता (डाइभर्सिटि) को उपयोग गरी सक्रिय भूमिका खेल्न सक्छन्।

**2 चुनौतिहरु**

सामाजिक–आर्थिक परिस्थितिमा आएको परिवर्तनको प्रकाशमा विदेशी बासिन्दाहरूको सेरोफेरोका मुद्दाहरू

| | | | |
|---|---|---|---|
| (1) बहु-राष्ट्रियकरण र विकेन्द्रीकरणको सामना | (2) शैक्षिक अवसरहरू सुरक्षित गर्ने | (3) प्रिफेक्चर भित्रका उद्योग-व्यवसायहरुमा विदेशी जनशक्तिको महत्त्व | (4) प्रकोप र संक्रामक रोगहरूको सामना |

**3 प्रवर्द्धन निकायहरु**

प्रिफेक्चर, नगरपालिका, राष्ट्रिय मातहतका स्थानीय संगठनहरु, प्रिफेक्चरको अन्तर्राष्ट्रिय केन्द्र, नगरपालिकाको अन्तर्राष्ट्रिय केन्द्र, विदेशी समुदाय, विदेशी नागरिक सहायता समूह, कम्पनी, शैक्षिक संस्था, स्थानीय सामुदायिक संगठनहरु

सञ्जालहरुद्वारा सहकार्य गरी लक्ष्य प्राप्तिको लागि प्रयत्नहरू विस्तार गरिने

**4 प्रयत्नहरु**

**(1) प्राथमिकताका उपायहरू**

| | | | | |
|---|---|---|---|---|
| ① विदेशी बासिन्दाहरूको मानव अधिकारको सम्मान | ② विदेशी बासिन्दाहरूको स्थानीय समुदायमा सहभागिताको प्रवर्द्धन | ③ विदेशी पृष्ठभूमि भएका बालबालिका र विद्यार्थीहरूको लागि शैक्षिक अवसरहरूको ग्यारेन्टी | ④ चिकित्सा दोभाषे (अनुवादक) प्रणालीको अभिवृद्धि | ⑤ प्रकोप र संक्रामक रोगहरु सामना गर्नको लागि प्रणाली विकासको प्रवर्द्धन |

**(2) व्यापक प्रयत्नहरु**

| ①बहु-सांस्कृतिक सहअस्तित्वको ज्ञानको विकास | ②विभिन्न संस्कृतिहरूलाई बुझेर सक्रिय भूमिका खेल्न सक्ने व्यक्तिको विकास | ③बस्न र काम गर्न सजिलो जनजीवनको पूर्वाधारको विकास | ④जोकोहि सहभागि हुनसक्ने एक जीवन्त समुदायको विकास |
|---|---|---|---|
| बहु-सांस्कृतिक सहअस्तित्वको महत्वको प्रसार र प्रबुद्धता | विदेशी पृष्ठभूमि भएका बालबालिकाका लागि जापानी भाषा शिक्षा, मातृभाषा शिक्षा आदिको प्रवर्द्धन | बहुभाषी जानकारी प्रावधान | विदेशी बासिन्दाहरूको स्थानीय गतिविधिहरूमा सहभागिताको प्रवर्द्धन |
| प्रत्येक क्षेत्रको वास्तविक अवस्था अनुसार वातावरण सृजना गरी सूचना प्रवाह | विद्यालयमा स्वीकार गर्ने प्रणालीको स्थापना र अध्ययन गर्ने अवसरहरूको सुरक्षा | बहुभाषी परामर्श प्रणालीको अभिवृद्धि | बहु-सांस्कृतिक सहअस्तित्वमा काम गर्ने जनशक्तिको बढावा |
| | विदेशी विद्यार्थी र व्यवसायका जनशक्तिलाई स्वीकार गर्ने प्रणालीको स्थापना | जापानी भाषा तथा जापानी संस्कृति र चालचलनहरुसँग सम्बन्धी अध्ययन सहायता | |
| | ह्योगोबाट विश्वव्यापी जनशक्ति र अन्तरक्षेत्रीय अन्तरक्रियाको बढावा | चिकित्सा, स्वास्थ्य र कल्याणकारी सेवाहरूको वातावरणीय सुधार | |
| | | सुरक्षित आवासको वातावरणीय सुधार | |
| | | रोजगारी सम्बन्धी सहायता र वातावरणीय अभिवृद्धि | |
| | | विपद् रोकथामको बारेमा चेतना जगाउने र प्रकोपको बेलाको सहयोग प्रणाली स्थापना | |
| | | संक्रामक रोग रोकथामको बारेमा जागरूकता र संक्रामक रोगहरु संग सामना गर्ने प्रणालीको विकास | |

## 5 पाँच वटा प्राथमिकताका उपायहरु

सामाजिक–आर्थिक परिस्थितिमा आएको परिवर्तनलाई ध्यानमा राखी निम्न पाँच वटा प्राथमिकताका उपायहरू अवलम्बन गरिनेछ र सम्बन्धित पक्षहरूसँगको सहकार्यमा बृहत् उपायहरूको विकास गर्दै अगाडि बढाइने छ ।

| | |
|---|---|
| ① विदेशी बासिन्दाहरूको मानव अधिकारको सम्मान | जनजीवन, संस्कृति र खेलकुद जस्ता कुराहरुको आदानप्रदानबाट आपसी समझदारी गहिरो हुँदै गइरहेको छ। तथापी, विदेशी बासिन्दाहरूप्रति भेदभावपूर्ण व्यवहार अझै पनि कायमै रहि, घृणित टिप्पणी जस्ता समस्याहरू उत्पन्न भएका छन्। हामीले, एकअर्काको ऐतिहासिक पृष्ठभूमिलाई बुझेर, राष्ट्रियता र जातीय भिन्नताहरू पहिचान गर्ने, र विदेशी बासिन्दाहरूको मानवअधिकारको सम्मान गर्ने बहु-सांस्कृतिक समाजको कार्यान्वयन गर्ने लक्ष्य राखेका छौं। |
| ② विदेशी बासिन्दाहरूको स्थानीय समुदायमा सहभागिताको प्रवर्द्धन | प्रिफेक्चरको प्रत्येक क्षेत्रमा, व्यवसायी, पर्यवेक्षण संस्थाहरू, प्रशासनिक निकायहरू, र स्थानीय समुदायहरूको सहयोगमा विचार आदानप्रदान गर्नको लागि फोरम स्थापना गर्ने जस्ता नयाँ बढ्दो विदेशी जनशक्ति सहित विदेशी बासिन्दाहरू र वरपरका मानिसहरू बीच सम्बन्ध, आदानप्रदान र पारस्परिक सहयोग गर्ने जस्ता कुराहरुमा मानिसहरूलाई सहभागी हुन प्रोत्साहित गर्ने वातावरण सिर्जना गरेर समावेशी (इन्क्लुजन) भएको क्षेत्रहरूको गठनलाई बढावा दिनेछौं।<br>थप रुपमा, हामी विदेशीहरूको रोजगारको हकमा पनि, उचित श्रम सर्तको सुनिश्चिता, सुरक्षा र स्वास्थ्यको सुनिश्चिता, र बीमा लागू गर्ने जस्ता उपायहरू अवलम्बन गर्ने प्रयत्न गर्नेछौं। |
| ③ विदेशी पृष्ठभूमि भएका बालबालिका र विद्यार्थीहरूको लागि शैक्षिक अवसरहरूको ग्यारेन्टी | विदेशी विद्यार्थीहरूको इच्छा बमोजिमको हाई स्कूल वा विश्वविद्यालयमा जाने आत्मानुभूतिलाई सपोर्ट गर्नको लागि, विद्यालयहरूमा भाषा अध्ययन या शैक्षिक क्षमता विकास गर्न निरन्तर मार्गदर्शन प्रणाली र परामर्श प्रणालीको रेखदेखलाई बढाउनेछौं। अझ, हामी प्रिफेक्चरका विभिन्न क्षेत्रहरूका हाई स्कूलहरूमा विदेशी विद्यार्थीहरूको लागि विशेष कोटाहरूको चयनलाई बढावा दिनेछौं। यसबाहेक, हामी म्यानेजमेन्ट तथा टिचिङ्ग स्टाफहरुका लागि बहु-सांस्कृतिक सहअस्तित्व सम्बन्धी प्रशिक्षणलाई बढाउनेछौ।<br>विदेशी पृष्ठभूमि भएका बालबालिका र विद्यार्थीहरूको शिक्षाको पनि जिम्मेवार लिने ठाँउहरुको विकाससँगै, उक्त क्षेत्रमा जापानी भाषा शिक्षा र विदेशी समुदायद्वारा मातृभाषा शिक्षाको अभिवृद्धिमा सहयोग गर्नेछौ। |
| ④ चिकित्सा दोभाषे (अनुवादक) प्रणालीको अभिवृद्धि | विदेशीहरूले ढुक्कका साथ चिकित्सा सेवाहरू प्राप्त गर्न सक्ने वातावरण सुधारको बारेमा आवश्यक चिकित्सा दोभाषे प्रणाली सुरक्षित गर्ने जस्ता चिकित्सा संस्थाहरूको सुविधामा सुधार गर्ने प्रयासहरूलाई प्रवर्द्धन गर्नेछौ।<br>थप रूपमा, विदेशीहरूले ढुक्कका साथ चिकित्सा सेवाहरू प्राप्त गर्न सक्ने वातावरणको विकासलाई प्रवर्द्धन गर्नको लागि, आधारको रूपमा चिकित्सा संस्थाहरूले उपयुक्त भूमिका खेल्न सक्ने गरी प्रणालीको स्थापनालाई हामी पूर्ण रूपमा सूचित गर्नेछौ। |
| ⑤ प्रकोप र संक्रामक रोगहरु सामना गर्नको लागि प्रणाली विकासको प्रवर्द्धन | बहुभाषा या "सरल जापानी भाषा" मा प्रशासनिक जानकारीको प्रसारणलाई बढाउने संगै, र विदेशी नागरिक परामर्श डेस्क संगको सहकार्य बढाइनेछ। साथै, हामी नयाँ जीवनशैली (ह्योगो स्टाइल) अनुरुप बहु-सांस्कृतिक सहअस्तित्वको प्रयत्नहरूलाई प्रवर्द्धन गर्नेछौ। ठूलो खालका प्रकोप घटनाहरु घटेको बेलामा, बहुभाषिक सहायता केन्द्र स्थापना गर्ने जस्ता विदेशीहरूलाई प्रभावकारी रूपमा जानकारी प्रदान गर्न सकिने प्रणालीको विकासलाई अगाडि बढाउनेछौ। |